# आर.एम.डी.सी.वाट सहकारी ब्यवस्थापन तालिम सम्पन्न

रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेण्टर लि. (RMDC) शाखा कार्यालय, इटहरीले केन्द्रीय कार्यालयको सहयोग र सक्षम आयोजनाको सहकार्यमा सहकारी ब्यवस्थापन सम्बन्धी २ दिने तालिम गोकर्ण रिसोर्ट सुन्दरहरैचा, मोरङ्गमा मिति २०७४ भाद्र १९– २० गते सम्पन्न गरेको छ । तालिममा सेण्टरको इटहरी शाखाको कार्यक्षेत्र भित्र रहेका जिल्ला मध्ये ११ जिल्लामा रहेका सेण्टरका ३४ वटा सहकारी संस्थाहरुका उच्च ब्यवस्थापनका ३४ जना सहभागीहरुले भाग लिएका थिए । उक्त तालिम कार्यक्रमको संचालन ईटहरी शाखाका शाखा प्रबन्धक श्री गोविन्द प्रसाद पौडेलले गर्नु भएको थियो । सेण्टरका बरिष्ठ अधिकृत श्री भोला नाथ रेग्मीको स्वागत मन्तब्यबाट शुरु भएको तालिमको उद्घाटन सेण्टरका प्रमुख कार्यकारी अधिकृत श्री ज्योतिचन्द्र ओझाज्यूले गर्नु भएको थियो । उद्घाटन गर्ने क्रममा उहाँले सेण्टर तथा सेण्टरका साझेदार संस्थाहरुले गरिबी न्यूनिकरण र वित्तीय पहुँच पुयाउन भुमिकाको बारेमा चर्चा गर्दै सहकारी संस्थाहरुले पुऱ्याएको योगदान स्वागतयोग्य रहेको वताउनु भयो । उहाँले सहकारी संस्थाको दिगो विकासको लागि सहकारीको उचित व्यवस्थापन तथा वित्तीय शुसासन कायम राख्नुपर्नेमा जोड दिनुभयो । साथै सेण्टरले समय समयमा आयोजना गर्ने यस किसिमका तालिमले सहकारी क्षेत्रको विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो ।



उक्त तालिममा मुख्य प्रशिक्षकको रुपमा लामो समयदेखी सहकारी क्षेत्रमा आबद्ध रही प्रशिक्षण कार्य गर्दै आउनु भएका वरिष्ठ प्रशिक्षक श्री चन्द्रबहादुर ठकुरी रहनुभएको थियो । उहाँले व्यवस्थापन तथा सहकारी व्यवस्थापनको परिचय सम्बन्धी आफ्नो धारणा तथा सहभागीको भनाई लिदै तालिमको सुरुवात गर्नुभयो । तालिमलाई सहभागिमुलक बनाउन प्रशिक्षकले समय समयमा बिभिन्न क्रियाकलापहरु गराउनु भएको थियो । उक्त तालिममा सहकारी संस्थाहरुको ब्यवस्थापन, संगठन ब्यवस्थापन, बचत ब्यवस्थापनका चुनौति तथा समस्या, सहकारीमा जोखिमहरुको न्युनिकरणको कारण तथा व्यवस्थापनका उपायहरु, सहकारी अभिलेख तथा कानुनी प्रावधानहरु, सहकारी संस्थाको ऋृण लगानी ब्यवस्थापन, ऋृण बिश्लेषण, ऋृण असूली ब्यवस्थापन आदि विषयहरुमा प्रशिक्षण दिइएको थियो । सहकारीको **दिगो विकासका लागि उचित सहकारी व्यवस्थापन** भन्ने मुल नारा बनाई तालिम सम्पन्न भएको थियो ।

